वर्ष : १९, अंक : ४१, काठमाडौं, २०८० फागुन ४ गते शुक्रबार, 16 February, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## “अर्चनाकृत रामायण” विमोचित




ललितपुर । नेपाली भाषामा लेखिएको रामायणमा आधारित भई मैथिली भाषामा लेखिएको ‘अर्चनाकृत रामायण’ विमोचन गरिएको छ । मामाघर आश्रमद्वारा बुधबार बाँडेगाउँमा आयोजित कार्यक्रममा पूर्वउपप्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले ‘वाल्मीकि रामायण’ र ‘रामचरितमानस’ रामायणका आधारमा पत्रकार अर्चना झाद्वारा मैथिली भाषामा लिखित रामायणको विमोचन गरेका छन् । पूर्वउपप्रधानमन्त्री निधिले रामायणको लेखनबाट झाले आफू, आफ्नो परिवारका साथसाथै भाषा र संस्कृतिलाई अमर बनाएको धारणा राखे । उनले रामायणमा रामसँगै सीताको पनि चर्चा गरिनुपर्ने बताउँदै सीताविना रामको कथा अधुरो हुने धारणा राखे । “सीताको बर्णन ओझेलमा परिरहेको छ । सीता नेपाली चेली हुन् । मैले मेरो आँखाले हेर्दा रामायण भनेको धार्मिक ग्रन्थ मात्रै हैन, राजनीतिक प्रेरणादायी कथाको स्रोत हो । यसलाई बृहत् ढङ्गले हेर्नुपर्छ र बृहत् ढङ्गले व्याख्या गर्नुपर्छ”, नेता निधिले भने । उनले हामीले रामायणलाई कुन आँखाले हेर्छौं भन्ने कुरामा निर्भर गर्छ भन्दै रामायण संसारको सबैभन्दा प्रेरणादायी राजनीतिक ग्रन्थ हो उल्लेख गरे । उहाँले आजको पुस्ताले रामायणलाई धार्मिक पुस्तक वा राम र सीताको कथामा मात्रै सीमित नगरी राजनीतिकरुपमा पनि हेरिनुपर्ने र त्यसबाट शिक्षा लिनुपर्ने धारणा राखे ।

प्रकाशित कृतिमाथि समीक्षा गर्दै राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले रामायणमा रामको मात्रै चर्चा बढी गरिएको बताउँदै सीताको भूमिमा सीताको चर्चालाई व्यापकता दिइनुपर्नेमा जोड दिए । साहित्यकार डा मञ्चला झाले मैथिली भाषामा अनुवाद गरेर लेख्ने आँट गरेकामा लेखक झाप्रति आभार व्यक्त गरिन् । उनले यो पुस्तक सजिलैसँग बुझ्न सकिने बताइन् । हिन्दूहरुका भगवान रामबारेमा वर्णन गरेर बाल्मिकीले रामायणमा चित्रण गरेर राम नामको महिमालाई व्यापकता दिइएको उनको भनाइ थियो । गद्यात्मक शैलीमा अनुवादित ‘अर्चनाकृत रामायण’मा करिब ६४ हजार शब्द रहेको अनुवादिका अर्चना झाले जानकारी गराइन् । रामायणमा हिन्दू धर्मका देवता विष्णुको अवतार मानिने रघुवंशका राजा श्री राम र लक्ष्मी माताका अवतार सीता माताको गाथा लेखिएको छ । यसमा आठ वटा अध्याय छन् जसलाई काण्ड भनिन्छ । नेपाली, हिन्दी, अङ्ग्रेजी, संस्कृत आदिलगायत भाषामा पढ्न पाइने रामायण अब प्राचीन मिथिलावासीले सरल मैथिली भाषामा सम्पूर्ण पढ्न पाउने अवसर मिलेको अनुवादिका झाले बताइन् ।

यस किताबको सम्पादन वरिष्ठ साहित्यकार विनित ठाकुरले गरेका छन् । महर्षी तथा संस्कृत भाषाका आदिकवि वाल्मिकी ऋषिद्वारा रचना गरिएको ‘वाल्मिकी रामायण’ त्रेतायुगमा भएको मानिन्छ । पवित्र धार्मिकग्रन्थका रूपमा रहेको रामायणमा दशरथ, जनक, राम, सीता, कैकेयी, गुरु वशिष्ठ, भरत, सत्रुधन, लक्ष्मण, हनुमान, रावण, बाली, सुग्रिव, जटायु आदिलाई मुख्य पात्रकारुपमा चित्रित गरिएको छ । मामाघर आश्रमका अध्यक्ष श्री बालयोगेश्वर विजय कृष्णमूर्ति जी महाराजले अहोरात्र खटिएर पुस्तक प्रकाशन गरेकामा अनुवादिका झाप्रति हार्दिक आभार व्यक्त गरेका छन् ।

## ‘भ्रष्टाचार रोक्न सहकार्य जरूरी’




जनकपुरधाम । मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले भ्रष्टाचार जस्तो विकृति रोक्न सबै सरोकारबालाहरुबीच सहकार्य आवश्यक रहेको बताएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३औं स्थापना दिवसमा आयोगद्वारा आइतबार जनकपुरधाममा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् । मुलुकमा विधिको शासन स्थापना गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै उनले आमजनताले अनुभूति गर्ने गरी कार्यसम्पादन गर्न समेत उनले आयोगलाई आग्रह गरे । मुख्यमन्त्री सरोजकुमार यादवले भ्रष्टाचारलाई क्यान्सरको संज्ञा दिँदै यसलाई रोक्न सबै एकजुट हुनुपर्ने आवश्यक्तामा जोड दिए । भ्रष्टाचार नियन्त्रण गर्ने प्रयोजनले नै आफूहरुले सुशासन ऐन ल्याउन लागेको चर्चा गर्दै मुख्यमन्त्री यादवले घुस खानेभन्दा घुस खुवाउनेहरु पनि सचेत हुनुपर्छ भने ।

भ्रष्टाचार नियन्त्रणका लागि संचारकर्मीहरुसँग समेत सहयोगको अपील गर्दै उनले सही समाचार सम्प्रेषन गरिएको खण्डमा सोही समाचारको आधारमा भ्रष्टलाई कारबाही गरिने जानकारी दिए ।

कार्यक्रममा मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले भ्रष्टाचारको मुख्य कारक नेता र कर्मचारीलाई बताए ।  नेता र कर्मचारी इमान्दार भइदिएको खण्डमा भ्रष्टाचार आफै नियन्त्रण हुने दावीसमेत उनले गरे । उच्च अदालत जनकपुरधामका मुख्य न्यायाधीश श्रीकान्त पौडेलले भ्रष्टाचारविरुद्ध नैतिक शिक्षाको आवश्यक्ता औंल्याए । सबै क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेकाले कानूनभन्दा मांसिकता परिवर्तन गरेर अघि बढनुपर्नेमा उनले जोड दिए ।

मधेश प्रदेशका प्रमुख सचिव दिनेश कुमार घिमिरेले नियम कानूनको पालना गरेर जनताको अपेक्षा पूरा गर्न कर्मचारीहरुसँग आग्रह गरे ।

यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबासका प्रमुख रामबहादुर कुरुम्वाङले देशको विकास र समृद्धिको अवरोधको रुपमा रहेको भ्रष्टाचारलाई निवारण गर्ने मुख्य कर्तव्य सरकारको र कार्यालय प्रमुखहरुको रहेको बताएका थिए ।

सो अवसरमा माविस्तरीय निबन्ध प्रतियोगितामा उत्कृष्ट विद्यार्थीहरुलाई नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

## डा.सीके राउतको आह्वान

# ‘दोस्रो गणतन्त्रको आन्दोलनमा सहभागी होऔं’

काठमाडौं । जनमत पार्टीले ‘दोस्रो गणतन्त्र अभियान’ सुरु गरेको छ। देशमा ‘दोस्रो गणतन्त्र’का लागि आन्दोलन गर्नुपर्ने निश्कर्षसहित जनमत अध्यक्ष सीके राउतले ९ बुँदे आन्दोलनका मागहरू सार्वजनिक गर्दै अभियानमा जुटेका हुन्। अभियानको शिलशिलामा अध्यक्षराउतसहित अन्य पदाधिकारी आफैँ पर्चा बाड्दै हिँडेका छन्। मागहरूको एक पाने पर्चा बनाएका डा. राउत आफ्ना समर्थकहरूसहित राजधानीको इमाडोल क्षेत्रको सडकमा पर्चा बाँडेका थिए। आफूहरूले राखेको विचार र मागमा जनताको समर्थन बढ्दै गएको जनमतका नेताहरुको दाबी छ। जनमतका सचिव बीपी साह भन्छन्, ‘हामीले राखेका प्रस्तावहरू समकालीन अवस्थामा नेपालका लागि नयाँ हुन्,’ उनले थपे,‘देशको संविधानमै समाजवादतर्फ उन्मुख लेखिएपछि दलहरू समाजवादी विचारमै रोकिनु स्वभाविक हो। तर समाजवादले वर्तमान अवस्थामा नेपाललाई विकासित बनाउन सक्दैन, रोजगारी दिन सक्दैन, वैदेशिक पलायन रोक्न सक्दैन। त्यसैले हामीले सामाजिक लोकतन्त्र एवं कल्याणकारी राज्यको अवधारणलाई प्रस्ताव गरेका छौं।’




सामाजिक लोकतन्त्र र कल्याणकारी राज्य स्थापना गर्न राउतले ९ बुँदे कार्यक्रम अगाडि बढाएका छन् । उक्त ९ बुँदे प्रस्तावित कार्यक्रमलाई प्रचार सामग्री बनाएर बाँड्न सुरु गरिएको सचिव साहले बताए ।

आज हाम्रो देश राजनैतिक दल र नेताहरूको स्वेच्छाचारी, तानाशाही, भ्रष्टाचार र अर्कमण्यताले असफल राष्ट्र बन्ने र अस्तित्व नै समाप्त हुने ठाउँमा पुगेको छ । देशकै शीर्षनेताहरूको संलग्नतामा बालुवाटार काण्ड, भूटानी शरणार्थी शिविर काण्ड, यति काण्ड, ओम्नी काण्ड, सुन तस्करी जस्ता भ्रष्टाचार काण्डहरू निरन्तर घट्दै आएको छ, तर कतै कुनै छानबिन र कारबाही छैन ।

बिना घुस जनताको कतै कुनै काम भइराखेको छैन। संसद् पूर्णत: प्रभावहीन बन्दै चार नेताहरूको मुट्ठीमा फँसेको छ । न्यायपालिका पूरै विक्रि भइसकेको अवस्थामा छ । सरकार आफ्नो पार्टी र कार्यकर्तालाई पोस्ने थलो मात्रै बनेको छ, जहिले पनि कुर्सीको लडाँई छ, देशको अलिकति पनि चिन्ता सरकार चलाउनेलाई छैन । शिक्षा र स्वास्थ्य क्षेत्र धराशायी भएको अवस्था छ। चलिरहेका उद्योगधन्धाहरू पनि सरकारले बन्द गर्दैछन् भने आर्थिक लगानीलाई भगाउँदैछन् । आठ लाखभन्दा बढी युवाहरू वर्षेनि विदेशिन बाध्य छन् । रोजगारी दिने त कहाँ हो कहाँ, वैदेशिक रोजगारमा जान पाऊँ भन्दा पनि सरकारले गोली चलाएर युवाहरूको हत्या गर्दैछ। चारैतिर निषेधित क्षेत्र घोषणा गरेर, अभिव्यक्ति स्वतन्त्रता हरण गरेर लोकतन्त्रको हत्या हुँदैछ । तरकारी र खाद्यान्नसमेतमा भ्याट लगाएर सरकारले जनताबाट चर्को कर तथा राजस्व उठाउँदैछ, तैपनि भ्रष्टाचारको कारणले प्रहरी र कर्मचारीलाई तलव समेत खुवाउन असमर्थ छ । देशको अर्थतन्त्र धराशायी छ। अब देश विकासको लागि हामी जनता नउठे यो देशको अस्तित्व नै समाप्त हुने अवस्थामा पुगेको छ। तसर्थ आदरणीय दिदीबहिनी दाजुभाइहरू, अहिलेसम्म अरू नेता र पार्टीका लागि धेरै पटक आन्दोलन गर्यौं, अब आफ्नो र आफ्नो सन्ततिको भविष्यको लागि देश विकास आन्दोलनमा सहभागी होऔं ।

मागहरू:

१. जनताको जनसम्प्रभुता कायम गर, पार्टी र नेताहरूको बन्धक र सिन्डिगेटबाट देशलाई मुक्त गर

२. आन्दोलनकारीको नेत्तृत्वमा सम्पूर्ण अधिकारसम्पन्न राष्ट्रिय न्यायाधिकरण ( ट्राइब्यूनल) गठन गर सरकार, पार्टी र शीर्ष नेताहरूको संलग्नता र संरक्षणमा भइरहेका सम्पूर्ण श्रृंखलाबद्ध भ्रष्टाचार, अनियमितता र दण्डहीनताको छानबिन गरेर सजाय देऊ

*बाँकी अन्तिम पृष्ठमा*

## प्रचण्ड नेतृत्वको सरकार किसान मजदुरलाई बिर्सेको छ : प्रभु साह

वीरगंज । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले किसान मजदुरको रगत पसिनाबाट नेता बनेकाहरु आजको दिनमा भगौडा दलाल पूँजीपति बर्गका लागि काम गरिरहेको बताएका छन् ।




महान जनयुद्ध दिवसको विशेष अवसरमा विरगंजमा आज आजपाद्धारा आयोजित “दलतन्त्रको उपहार : नेपालीहरु विदेशमा मर्ने र विदेशीहरु नेपालमा काम गर्ने” विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले यस्तो बताएका हुन् ।

‘प्रचण्ड नेतृत्वको सरकार कुन बर्गको हो ? भन्ने प्रश्न उठेकोछ । किसान मजदुरको रगत पसिनाबाट नेता बनेकाहरु आज भगौड़ा दलाल पूँजीपति वर्गको लागि काम गरिरहेकोछ । देश बनाउने संकल्प लिएकाहरु निजी स्वार्थमा परेर देश बर्बाद गर्न लागेका छन्’ साहले भने, ‘देशमा रोजगारी नपाएर नेपालीहरु विदेशमा मरिरहेको र अर्को तिर नेपालको अधिकांश उधोगहरु विदेशी कामदारले भरिएको वर्तमान अवस्था छ । किसान मजदुरको रगत-पसिनाबाट उदाएका माओवादी नेतृत्वको सरकारमा यस्तो कहालिलाग्दो अवस्था निर्माण हुनू दुखद एवं दुर्भाग्यपूर्ण विषय हो ।’

‘पथभ्रष्ट गद्दारहरुलाई बहिष्कार गरौं ! महान जनयुद्ध दिवसको सम्मान गरौं !!’ भन्ने मुल निष्कर्षलाई आत्मसात गरेर अगाडि बढ्न सम्पूर्ण देशभक्त जनतामा अपिल गर्दै आजपा अध्यक्ष साहले जनयुद्ध दिवसको सबैमा शुभकामना व्यक्त गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै उनले अहिलेको दलिय सिण्डिकेटलाई तोडदै दलतन्त्रको विकल्प खोज्ने समय आईसकेको बताए । आम श्रमजीवि वर्ग, सर्वसधारण, किसान, मजदुर लगायतकालाई पीडादायि अवस्थामा पुर्याउँने दलतन्त्रको विकल्प नखोजिए यो भन्दा ठुलो दु:ख भोग्नुपर्ने अवस्था आउँने उनले बताए ।

‘अहिले देशको आर्थिक अवस्था दिनदिनै खस्किदै गएको छ । दलाल पूँजीपतिवर्ग हावी हुने, भगौडाहरुले आफ्नो सम्पती बेचेर विदेशमा थुपार्ने र उनीहरुलाई नै सरकारले सहयोग हुने गरी कानून पनि निर्माण गरिने लगायतका कारणले मुलुकको अवस्था झनै खराब हुदैगएको यथात कुरा हामी देखिरहेका छौं’ साहले भने, ‘मुलुकलाई समृद्ध बनाउँने हो भने, श्रमजिवि वर्ग, किसान, मजदुर, सर्वसधारणको सम्मान हुनैपर्छ । तर सरकार यो बर्गको हितमा हुने काम गरिरहेको छैन्, यो दु:खद कुरा हो ।’

## आन्दोलनरत पहिचान पक्षधर र कोशी सरकारबीच पाँचबुँदे सहमति

काठमाडौं । कोशी प्रदेश सरकार र आन्दोलनरत पहिचान पक्षधरबीच पाँच बुँदे सहमति भएको छ । शुक्रबार बिहान दुबै पक्षबीच भएको वार्ताले पाँच बुँदे समहति तय गरेको हो ।

सहमतिमा फागुण १० गतेअघि अर्को वार्ताको समय मिलाउने लगायत पाँच बुँदामा सहमति भएको छ । सहमतिको पहिलो बुँदामा ’प्रदेशको पुन: नामकरण सम्बन्धमा सहमति हुने राजनीतिक वातावरण बनाउन सरकार एवं आन्दोलनरत पक्षबाट संविधानसम्मत राजनीतिक पहल एवं छलफल अगाडी बढाउने’, भनिएको छ ।

आन्दोलनरत पक्षले आन्दोलनको स्वरूप परिवर्तन गरी शान्तिपूर्ण राजनीतिक गतिविधि अघि बढाउने र सरकारको तर्फबाट कुनै पनि प्रकारको बल प्रयोग नगर्ने सहमतिको दोस्रो बुँदामा सहमति गरिएको छ । त्यसैगरी पहिचानको आन्दोलनका क्रममा भएका घाइतेहरूको उपचार व्यवस्थापन र शहीद परिवारलाई क्षतिपूर्तिको व्यवस्था प्रदेश सरकारले प्रबन्ध गर्ने उल्लेख छ ।

पहिचानको आन्दोलनको क्रममा कारागारमा रहेकाहरूको रिहाइ र मुद्दा लागेका व्यक्तिहरूको मुद्दा फिर्ताको प्रक्रिया प्रदेश सरकारले अगाडि बढाउने सहमतिको चौथो बुँदामा उल्लेख गरिएको छ भने पाँचौं बुँदा ‘दुवै पक्षका वार्ता समिति संयोजकहरूले आपसमा समन्वय गरी फागुन १० गतेभन्दा अगाडि बस्ने गरी समय र स्थान निर्धारण गर्ने’ भनिएको छ ।

शुक्रबार सरकारी वार्ता टोली र पहिचान पक्षधर वार्ता समितिका सदस्यबीच छलफल भएको थियो । जसमा सरकारका तर्फबाट वार्ता समितिका संयोजक कमलप्रसाद जबेगू, गणेशप्रसाद उप्रेती र प्रदेश सचिव लक्ष्मीप्रसाद पौडेलले हस्ताक्षर गरेका छन् भने पहिचान पक्षधर संयुक्त संघर्ष समितिको वार्ता समितिका तर्फबाट डकेन्द्रसिंह थेगिम, गोविन्दबहादुर आङबुहाङ, युवराज राई, दिवस राई, लाक्पा शेर्पा, कुमार लिङदेन, पदम लिम्बु, अर्जुन जम्नेली राई, डम्बर लावती जेन्टल, पदम जबेगु र चन्द्रकुमार चौधरीले सहमति पत्रमा हस्ताक्षर गरेका छन् ।

यसअघि बिहीबार पनि दुई पक्षबीच वार्ता भएको थियो । प्रारम्भिक छलफलपछि शुक्रबार बिहान भएको वार्तामा सहमति जुटेको पहिचान पक्षधर वार्ता समितिका सदस्य दिवस राईले जानकारी दिए ।

# नार्कको आयोजनामा तरकारीको जातीय सुधार सम्बन्धी सात दिने तालिम सम्पन्न

काठमाडौं । नेपाल कृषि अनुसन्धान परिषद (नार्क)को आयोजनामा सञ्चालित तरकारीको जातीय सुधार सम्बन्धी सात दिने तालिम आज सम्पन्न भएको छ । ललितपुरको खुमलटारमा आयोजित सो तालिममा तरकारीको जातीय सुधारको विविध पक्षका बारेमा बिज्ञहरुले सहभागिलाई प्रशिक्षण दिएका थिए ।

नार्कको आयोजना र फिड द फ्यूचर हर्टिकल्चर, यूएसएआईडीको आर्थिक सहयोगमा तालिम आयोजना गरिएको हो । तालिममा नार्क अन्तरगतका तरकारी बालीमा अनुसन्धानरत १५, बिभिन्न विश्वबिद्यालयका ५, संघीय तथा प्रादेशिक कृषि मन्त्रालय अन्तरगतका ६ र निजि बिउबिजन कम्पनीका ४ गरी ३० जनाको सहभागिता रहेको छ ।

सहभागिहरुलाई नर्थ क्यारोलाइना विश्वविद्यालय अमेरिकाका एसोसियट प्रोफेसर डा.दिलिप पन्थी, वर्ल्ड भेजिटेवल सेन्टरका डा.डेरेक वारचेन्जर लगायतका विज्ञहरुले प्रशिक्षण दिएका छन् ।

तालिममा सहभागिहरुलाई प्रमाणपत्र वितरण गर्दै नार्कका कार्यकारी निर्देशन डा.ध्रवराज भट्टराईले तालीममा प्राप्त गरेका ज्ञानलाई व्यवहारमा लागु गरी तरकारी बालीको क्षेत्रमा उत्कृष्ट काम गर्नुपर्ने बताए । कृषि अनुसन्धानमा उत्कृष्ट काम गर्ने बैज्ञानिक लगायतका सबैलाई नार्कले प्रोत्साहन गर्दै आएको र आउँने दिनमा समेत त्यसलाई जारी राख्ने योजना भएको उनले बताए ।

कार्यकारी निर्देशक डा.भट्टराईले तालिम समापन कार्यक्रमको अध्यक्षता गर्दै नार्कले आयात प्रतिष्थापन गर्न मद्दत पुग्ने अनुसन्धानका कार्यक्रम ल्याउने र नार्कका युवा वैज्ञानिकले अन्तर्राष्ट्रिय स्तरका अनुसन्धान परियोजना ल्याउन र लागू गर्न सजिलो हुने वातावरण तयार गर्न लागेको बताए ।

तालिमको समापन कार्यक्रममा युनिभर्सिटी अफ क्यालिफोर्निया, हर्टिकल्चर इनोभेसन ल्याबका कृष्टेन वेकर, वर्ड भेजिटेबल सेन्टर ताइवानका बैज्ञानिक डेरिक वारकेन्गर, एग्रीफुड क्यानाडाका ऋषीराम बुर्लाकोटी, काठमाडौं युनिर्भसिटीका डा.पुर्णबहादुर नेपाली, त्रिभुवन विश्वविद्यालयका डा.पुष्पराज पौडेल लगायतको सहभागिता रहेको थियो ।

परियोजना संयोजक एवं बैज्ञानिक डा.रामबहादुर खडकाले यो तालिमले नेपालको तरकारी बालीको जातीय सुधारमा कार्यरत बैज्ञानिक, प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी तरकारी बालीको जातीय सुधारमा महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले खाद्यान्न बालीको भन्दा तरकारी बालीको जातीय विकासको काम कमजोर भएका कारण नेपालमा बर्षेनि ठुलो मात्रामा तरकारीका बीउहरु आयात गर्नुपरेको बताउँदै अब त्यसमा कमी आउँने र नेपालमै तरकारी बालीको जातीय विकास हुने काममा मदत पुग्ने बताए ।

सहपरियोजना संयोजक डा.रञ्जना रावलले कार्यक्रमको सञ्चालन गरेकी थिइन् । गत आईतबारदेखि सुरु भएको सो तालिम सात दिनसम्म सञ्चालन भएको थियो । तालिममा बिभिन्न बैज्ञानिक एवं बिज्ञहरुको अनुभव साटासाट गर्नुका साथै समूहगत छलफल समेत भएको थियो ।

राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रका प्रमुख डा. कालिकाप्रसाद उपाध्यायले अन्तार्राष्ट्रिय वैज्ञानिक सँस्थाहरुसँगको सहकार्यमा सञ्चालन हुने यस्ता तालीमले नेपालका बैज्ञानिकहरुलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी र राष्ट्रको माग अनुरुपको अनुसन्धान गर्न सक्षम हुन मद्दत गर्ने बताए ।

# एनआरएनएको बद्री केसी समूहलाई अदालतले दिएन मान्यता

काठमाडौं । गैर आवासीय नेपाली संघ ( एनआरएनए) मा बद्री केसीले नेतृत्व गरेको समूह अदालतबाट आधिकारिक मान्यता पाउन असफल भएको छ ।

उच्च अदालत पाटनले बुधबार परराष्ट्र मन्त्रालयलाई संस्था नवीकरण गर्नका लागि आदेश दिए पनि आधिकारिताको विषयमा भने केही बोलेको छैन ।

न्यायाधीशद्वय हरिप्रसाद पौडेल र कृष्णराम कोइरालाको इजलासले गैरआवासीय नेपाली संघ ( एनआरएनए) को नवीकरण गर्न परमादेश जारी गरेको हो ।

गैरआवासीय नेपाली संघको दश वर्षे अवधि गत अक्टोवर २०२३ मा पूरा हुनु पूर्व नै निर्वतमान अध्यक्षत्रय कुल आचार्य, रविना थापा र बद्री केसीको कार्यसमितिले नवीकरणका लागि परराष्ट्र मंत्रालयमा नियमानुसार प्रकृया पूरा गरी निवेदन दिएको थियो ।

त्यतिबेला शेष घले समूहले पनि संस्थामा दावी गर्दै नवीकरणका लागि निवेदन परराष्ट्रमा बुझाएको थिए । परराष्ट्रबाट केही निर्णय नभएपछि घले समूह सर्वोच्च अदालत पुगेको थियो । सर्वोच्चको आदेश अनुसार घले समूहले एनआरएनए जस्तै अर्को समूह बनाइसकेका छन् ।

संघको ११ औं अधिवेशनका बेला बद्री केसी समूहले योजनाबद्ध रुपमा धाँधली गरेको भन्दै संघका संसारभरिका अधिकांश एनसीसी तथा झन्डै दुइ-तिहाइ एनआरएनहरुको समर्थन प्राप्त राजेन्द्रकुमार (आरके) शर्मा समूहले छुट्टै कार्य समिति गठन गरी काम गरिरहेको छ।

बुधबारको फैसला पछि बद्री केसी समूहले आधिकारिकता पाएको जसरी प्रचारवाजी गरे पनि उक्त समूहलाई आधिकारिकता दिएको नभइ संस्था नवीकरणको काम मात्रै गर्न अदालतले आदेश दिएको कानुन व्यवसायीहरुले बताएका छन् ।

अदालतले निर्वाचनको परिणाममा विवाद भएर नै सरकारले छानविन समिति बनाएर काम अघि बढाएका बेला संस्था नवीकरणको फरक विषयमा मात्र नविकरण गर्न अदालतले आदेश दिएको हो । सुरुमा १५ दिनको समय दिइएकोमा छानविन समितिको म्याद अहिले १ महिना थप भइसकेको छ ।

सरकारले निर्वाचनको आधिकारिकताबारे छानबिन गर्ने प्रक्रिया अगाडी बढाए पछि बद्री केसी समूह संस्था नवीकरण गरियोस भन्ने माग गर्दै परराष्ट्र मन्त्रालय विरुद्ध अदालत पुगेको थियो।

बुधबारको परमादेशले सरकारले बनाएको छानविन समितिको रिपोर्ट अनुसार परराष्ट्र मंत्रालयलाई संघको नेतृत्वको आधिकारिकताबारे निर्णय गर्न सहज हुने देखिएको छ ।




## सूचना लुकाउने कार्यालय प्रमुखलाई जवाफ पेश गर्न आयोगको आदेश

राजविराज । सूचना लुकाउने सप्तरीको कोशी पम्प चन्द्र नहर सिंचाई व्यवस्थापन कार्यालयका कार्यालय प्रमुख प्रदिप बान्तवालाई ७ दिनभित्र लिखित जवाफ पेश गर्न राष्ट्रिय सूचना आयोगले आदेश दिएको छ । पत्रकार सौरभ यादवले आयोगमा दिएको पुनरावेदनमाथि कार्यवाहक प्रमुख सूचना आयुक्त कमला ओली थापा र सूचना आयुक्त रत्नप्रसाद मैनालीको माघ २५ गते बसेको संयुक्त इजलासले सो आदेश दिएको हो ।

पत्रकार यादवले आर्थिक वर्ष ०७९/०८० र हाल सम्ममा सम्पन्न भएका स्थान समेत उल्लेखित सबै योजनाहरुको आर्थिक सहितको भौतिक प्रगति विवरण र प्रक्रियाको आवश्यक कागजात,आर्थिक वर्ष ०७९/०८० र हाल सम्ममा कार्यालयमा खरिद गरिएको सरसमानको मूल्य उल्लेखित विवरण र खरिद गरिएको प्रक्रियाको आवश्यक कागजात ,आर्थिक वर्ष ०७९/०८० र हाल सम्ममा मर्मतमा खर्चिएको बजेट विवरण सहित प्रक्रियाको आवश्यक कागजात,आर्थिक वर्ष ०७९/०८० र हाल सम्ममा खर्चिएको कुल बजेट ( योजनाको शिर्षकअनुसार)को विवरण,आर्थिक वर्ष ०७९/०८० र हाल सम्ममा इन्धन र सवारी मर्मतमा खर्चिएको बजेट विवरण सहित प्रक्रियाको आवश्यक कागजात,कार्यालयमा रहेको दरबन्दी र हाल कार्यरत रहेको कर्मचारीहरु (स्थायी, अस्थायी, करार र डोर हाजिर) को नाम र ठेगाना सहितको विवरण,आर्थिक वर्ष ०७९/०८० र हाल सम्म नहर मर्मतमा खर्चिएको बजेट विवरण सहित प्रक्रियाको आवश्यक कागजात,आर्थिक वर्ष ०७९/०८० र हाल सम्म गोश्वारा भौचरको कागजातका सूचना माग गरेका थिए ।

## जिल्ला समाचार

### प्रतीकलाई गोतामे पत्रकारिता पुरस्कार

वीरगन्ज । पोखरा, कास्कीका पत्रकार बद्री विनोद प्रतीकलाई गोतामे पत्रकारिता पुरस्कारबाट सम्मानित गरिएको छ । वीरगन्जको होटल पूजनमा आयोजना गरिएको पुरस्कार वितरण समारोहमा वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले एक कार्यक्रमबिच स्वर्ण पदकसहित दोसल्ला ओढाएर उनलाई सम्मान गरेका हुन् । पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठानद्वारा हरेक वर्ष प्रदान हुँदै आएको गोतामे पत्रकारिता यस वर्ष उनलाई प्रदान गरिएको हो । वीरगन्जका पत्रकार गोपालचन्द्र गौतमको स्मृतिमा प्रतिष्ठानले स्थापना गरेको पुरस्कार हरेक वर्ष फागुन २ गते प्रदान गरिँदै आएको छ ।

### किसानलाई पेन्सन दिन किसान मोर्चाको सरकारसँग माग

रौतहट । आम जनता पार्टी (आजपा) निकटको आम किसान मोर्चाले किसानलाई पेन्सन दिनुपर्ने माग गरेको छ । कृषि र किसानलाई सरकारले सुविधान नदिने तर राजस्व हिनामिना गर्ने पुँजीपती वर्गलाई संरक्षण गर्ने गरेको उनीहरुको आरोप समेत छ । रौतहटको गरुडा नगरपालिका वडा नं. ७ पिपरियामा सम्पन्न वडा स्तरीय किसान मोर्चाको भेलाले कृषि र किसानको हकहितका लागि संघर्ष गर्ने निष्कर्ष समेत निकालेको छ । किसान मोर्चाका नेता दोरिक पटेलको अध्यक्षता र आईटी आर्मीका केन्द्रीय सचिव रबिन्द्र यादवको प्रमुख आतिथ्यमा सम्पन्न सो भेलाले किसानलाई मल खाद्य, बीउँ, सिंचाई लगायतको व्यवस्था समयमै गर्नुपर्ने सरकार आफ्नो जिम्मेवारी पुरा नगरेको निष्कर्ष समेत निकालेको छ । किसानलाई सरकारले समयमै मल खाद्य, बीउ, सिंचाई उपलब्ध गराउँनुपर्ने माग गर्दै भेलाले सरकारले आफ्नो कमजोरी लुकाउँ बिभिन्न बाहाना गदै किसानलाई दुख दिने गरेको जनाएका छन् । भेलामा उपमेयर प्रत्याशी ज्ञानकला देवी, अमिनद्र यादब, रूपलाल राम, कनहाई शाह, जयराम शाह लगतातको विशेष सहभागिता रहेको थियो । भेलाले किसान मोर्चाको संगठन विस्तार गर्दै किसानको हकहितका लागि आवाज उठाउँने किसान नेताहरुले उदघोष गरेका छन् ।

### अटो र मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

कपिलवस्तु । महाराजगंज नगरपालिका-११ बढेगाँउस्थित सडकमा अटो र मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु भएको छ । हाल नम्बर नखुलेको अटो र लु.५६ प ४८९९ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई आइतबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक महाराजगंज नगरपालिका-१ पिपरी बस्ने ३६ वर्षीय उदयराज रैदासको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका १ जनालाई सुमित्रा पोलिक्लिनिक महाराजगंजमा उपचारको लागि पठाइएको छ । हाल फरार अटो चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### १ सय २४ किलो गाँजासहित दुई जना टेम्पो चालक पक्राउ

सुनसरी । धरान उपमहानगरपालिका-११ रिटिङ टोलबाट अवैध लागूऔषध गाँजा १ सय २४ किलोसहित २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धरान उपमहानगरपालिका-११ रिटिङ टोल बस्ने १९ वर्षीय मौसम राई र सोही उपमहानगरपालिका-११ रेसुङ्गा चोक बस्ने २२ वर्षीय अभिशेक शेर्मा रहेका छन् । मौसम राईको घर अगाडि सडकमा पार्किङ गरी राखेको दुई वटा टेम्पोलाई ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा प्रदेश १-०२-००३ ह ३७४ नम्बरको टेम्पोबाट ३६ किलो गाँजा फेला पारी टेम्पोका चालक मौसमलाई र को.१ ह ५०९८ नम्बरको टेम्पोबाट ८८ किलो गाँजा फेला पारी उक्त टेम्पोका चालक अभिशेकलाई पक्राउ गरेको हो ।

### ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

मोरङ । विराटनगर महानगरपालिका-५ बरगाछि चोकमा बा.प्र ३-००१ ख १४११ नम्बरको ट्रकले को.३६ प २८८९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । आइतबार बिहान ठक्कर दिँदा मोटरसाइकल चालक सुनसरी दुहबी नगरपालिका-९ बस्ने २५ वर्षीय नगेन चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको कोशी अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । सोही विषयलाई लिएर स्थानीय बासिन्दाले ट्रकमा आगजानी गर्दा ट्रकको अगाडिको भाग जलेर क्षति भएको छ । साथै घाइते भएका ट्रक चालकलाई उपचारको लागि बिराट नर्सिङ होमतर्फ पठाइएको छ भने आगजनीमा संलग्न ३ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ५ लाख डेनिस क्रोनसहित दुई जना पाकिस्तानी नागरिक पक्राउ

काठमाडौं । ५ लाख डेनिस क्रोन सहित दुई जना पाकिस्तानी नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बुधबार साँझ पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा ३१ वर्षीय YSEEN AHMED र ४८ वर्षीय MUHAMMAD ADNAN LAKHANI रहेका छन् । फ्लाई दुबई एयरलाईन्सको उडानद्वारा दुबईबाट नेपाल आएका उनीहरूलाई अन्तर्राष्ट्रिय उडान तर्फको आगमन टनेल गेटबाट करिब ९५ लाख ४३ हजार ३ सय ८४ नेपाली रूपैयाँ हुन आउने उक्त विदेशी मुद्रा अवैध रूपमा लुकाई छिपाई लैजान लागेको अवस्थामा फेला पारी दुवै जनालाई पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहर भवन पुल्चोक ललितपुर पठाइने छ ।

### ब्राउनसुगरसहित एक जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थसहित एक युवक पक्राउ परेका छन् । ब्राउनसुगर जस्तो देखिने ९ ग्राम ९ सय मिलिग्रामसहित सुर्खेत बिरेन्द्रनगर नगरपालिका-२ बस्ने २८ वर्षीय गणेश चौधरीलाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाह बाँके र लागूऔषध नियन्त्रण व्यूरो नेपालगंजबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### कपिलवस्तुमा बस दुर्घटना हुँदा १० जनाको मृत्यु

कपिलवस्तु । शिवराज नगरपालिका-१ सुरई नाकास्थित सडकमा महेन्द्रनगरबाट काठमाडौंतर्फ जाँदै गरेको बस दुर्घटना हुँदा १० जनाको मृत्यु भएको छ । सु.प.प्र.-०२-००१ ख००९८ नम्बरको बस सडकबाट अन्दाजी १ सय मिटर तल खोलामा खसेर बिहीबार बिहान दुर्घटना हुँदा बसमा सवार १० जनाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूकको आधारभूत स्वास्थ सेवा अस्पताल चन्द्रौटामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका बसमा सवार ३० जनामध्ये ११ जनाको चौराहा अस्पताल बुटवलमा र ८ जनाको सन्जिवनी अस्पताल चन्द्रौटामा उपचार भइरहेको छ भने ११ जना उपचार पश्चात डिश्चार्ज भएका छन् ।

### करिब ४०७ किलो गाँजासहित दुई पक्राउ

सुनसरी । बराहक्षेत्र नगरपालिका-९ राजाबासबाट अवैध लागूऔषध गाँजा करिब ४ सय ६ किलो ९ सय ४० ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धरान उपमहानगरपालिका-४ बस्ने २५ वर्षीय सूर्य राई र भोजपुर हतुवागढी गाउँपालिका-८ बस्ने २७ वर्षीय लक्ष्मण राई रहेका छन् । ईलाका प्रहरी कार्यालय महेनद्रनगरबाट खटिएको प्रहरीले बराहक्षेत्र नगरपालिका-९ राजाबासस्थित दाहसंस्कार गर्ने घाट नजिक प्रदेश ०१-०२-००१ ज ४०५० नम्बरको बोलेरो गाडीलाई जाँच गर्ने क्रममा गाडीमा १३ वटा बोरामा उक्त परिमाणको गाँजा फेला पारी चालक सूर्य र गाडीमा सवार लक्ष्मणलाई पक्राउ गरेको हो ।

# आजपाको केन्द्रीय समिति पुनर्गठन



काठमाडौं । आम जनता पार्टी (आजपा) को केन्द्रीय समिति पुनर्गठन गरिएको छ । पुनर्गठित समितिको अध्यक्षमा प्रभु साह र वरिष्ठ उपाध्यक्षद्धयमा तिलक थापा मगर र उपेन्द्र साह रहेका छन् । यस्तै उपाध्यक्षहरुमा रितादेवी साह, रामपृत राम, अरुण घिसिङ, समिना हुसेन, बिल्टु यादव, अशोककुमार लामा र महासचिवमा त्रिभुवन साह रहेका छन् । यसैगरी उपमहासचिवहरुमा कुन्दन कुशवाहा, ज्ञानेन्द्र कुमार तामाङ, चन्द्रभुषण साह, सुधिर यादव, राजन यादव, सियाराम कुशवाहा रहेका छन् ।

यस्तै सचिवहरुमा बाबुराम कौशिक, ईशलाम हवारी, धनकुमारी मगर, श्रीचन्द मुखिया, उमेश कुशवाहा, देवी पण्डित रेग्मी र धर्मेन्द्र सापकोटा रहेका छन् ।

यसैगरी स्थायी समितिमा श्रीलाल महासेठ, कान्तिदेवी महतो, रमेश थपलिया, रबिन्द्रप्रसाद सिंह, योगेश राल्फाली, नारायण पाण्डे, जुरीलाल मोची, परमानन्द बर्मा, धर्मेन्द्र पटेल, भोजराज त्रिपाठी, कदम रसुल, लखिन्द्र साह, प्रदिप पटेल, राधेश्याम साह, चन्देश्वर बैठा, प्रल्हाद पौडेल, पासाङ तामाङ, सागर पाण्डे, पलट चौधरी, लालबाबु मन्सुर, बालकृष्ण सापकोटा, नरेश तुरहा, बिजय साह, ममता शर्मा, भोला पाण्डे, बिजय यादव, शर्मिला महरा रहेका छन् ।

स्थायी समितिकै सदस्यहरुमा सिमल कुमारी, बबिता यादव, गीतादेवी साह, शुभद्रा गुप्ता, कुमारी बबिता, रन्जुकुमारी साह, उमाशंकर साह, रामनाथ माझी, श्रीभगवान पटेल, सरोजकुमार बछार, अञ्जित कुशवाहा, सञ्जय यादव, शिव थापा, आशा सन्जेल, अनिल झा, राजेश साह, सुरेश चौधरी र मिनबहादुर खत्री रहेका छन् ।

यसैगरी केन्द्रीय सदस्यहरुमा हृदयनारायण दास, किशोरी साह, उदयचन्द्र प्रसाद, फुलझरी दवी, रामकृत साह, नागेन्द्र यादव, अरबिन्द यादव, सञ्जय साह, चन्देश्वर यादव, अरविन्द यादव, ब्रम्हा यादव, सुनिल दास, सरेश महतो, नविन महतो, सञ्जय महतो, अरुण पासवान, राजेश साह, विद्या सापकोटा, योगेन्द्र मण्डल, निरञ्जन पौडेल, प्रमोद राणा साह, मोहन मेहता, सविना बुढाथोकी, शारदा अर्याल, रचना सिवाकोटी, भानु कोइराला लगायतका रहेका छन् । गत माघ १९ र २१ गते काठमाडौंमा बसेको केन्द्रीय समितिको बैठकले केन्द्रीय समिति पुनर्गठन गरेको हो ।

# बलपूर्वक शिलान्यास गरिएकोले कार्यवाही गरिने : मेयर सिन्हा

राकेश यादव, रौतहट । रौतहट जिल्लाको ईशनाथ नगरपालिकाका नगर प्रमुख कौशल्या देवी सिन्हाले नगरपालिकाको कुनै पनि सहमति नलिइकन गरिएको बर्थिंग सेन्टरको शिलान्यासप्रति आपत्ति रहेको बताएकी छन् ।

उनले बलपूर्वक स्थानीय सरकारको बेवास्ता गर्दै गरिएको शिलान्यासको विषयमा नगरपालिकाबाट छानविन गरी कानूनी कार्यवाही गरिने चेतावनी समेत दिएकी हुन् ।

फागुन ५ गतेदेखि आयोजना हुने राष्ट्रपति रनिंग शील्ड प्रतियोगिता तथा रौतहट जिल्ला क्रिकेट संघको आयोजनामा हुने मेयर क्रिकेट कप २०८० को बारेमा जानकारी गराउने उद्देश्यले नगरपालिकाको सभाहलमा आयोजित पत्रकार सम्मलेनमा सम्बोधन गर्दै नगरपालिकाबाट अनुमति नै नलिई बलपूर्वक मन्दिरको जग्गामा गरिएको शिलान्यासको कार्य नियम विपरीत भएको दावी गरिन् ।

मेयर सिन्हाले माघ २७ गते मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र सिंहले गरेका शिलान्यासप्रति स्थानीय सरकारको कुनै सहमति नरहेकोले छानविन गरी कार्यवाही गरिने बताइन् ।

उनले भनिन्, 'नगरपालिकाले एक दिन पहिला नै शिलान्यासको कार्य नगर्न सूचना जारी गरेको थियो । मठ, मन्दिर र विद्यालयको जग्गाको संरक्षण गर्ने अधिकार नगरपालिकाको रहेको जानकारी हुँदाहुँदै पनि राजनीतिक बहुलयता देखाउने नियतले बलपूर्वक शिलान्यास गरिएकोले त्यो मान्य हुँदैन ।'

भौतिक पूर्वाधार निर्माणको कार्य गर्नु अघि सम्बन्धित पालिकाबाट सहमति अनुमति लिनु पर्ने स्थानीय सरकार सञ्चालन ऐनमा कानूनी व्यवस्था गरिएकोमा सोको उल्लंघन गर्दै गरिएको शिलान्यास कार्य कानून विपरीत भएकोले निर्माण कार्य समेत रोक्का गरिने चेतवानी दिइन् ।

नेपाली कांग्रेसका नगर प्रत्यासीद्वारा स्थानीय सरकारलाई चुनौती दिँदै बलपूर्वक शिलान्यास गराइएको भनाइ नगरप्रमुख सिन्हाको रहेको छ । पत्रकार सम्मलेनमा प्रमुख सिन्हाले नगरपालिका शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासको क्षेत्रमा राम्रो कार्य गर्दै आएको दावी गरिन् । नगरपालिकाको आफ्नो प्रशासकीय भवन निर्माण भएकोले वर्षको १२ लाख भाडाको रकम बचत भएको बताइन् ।

## आर्थिक समाचार

# रिलायबल लाइफको साधारणसभा सम्पन्न




काठमाडौं । रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले सातौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । उक्त सभा लिसरा ब्यांक्वेट, ज्ञानेश्वर, काठमाडौंमा सम्पन्न भएको हो । सभा, कम्पनीका अध्यक्ष उदय नेपाली श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको सभाले संचालक समितिको सातौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरेको छ । लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, नाफा, नोक्सान, हिसाव नगद प्रवाह वित्तीय विवरण २०७९ श्रावण १ गतेबाट २०८० आषाढ मसान्त सम्मको वित्तीय विवरण माथि छलफल गरी पारित गरेको छ ।

सभाले यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको २०७९/०८० को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गरेको छ । कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षण समितिबाट सिफारीस गरीएका लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री केएएस एशोसिएट्स पुन: नियुक्तिको लागि योग्य नहुने प्रस्ताव पारित गरेको छ ।

सभाले कम्पनीको आर्थिक वर्ष २०७९/८० सम्मको वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी ४ अर्बको ०.८४ प्रतिशतले हुने रकम कर प्रयोजनका लागि नगद लाभांश र ४ अर्बको १६ प्रतिशतले हुने बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गरेको छ ।

सभाले बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७५ को दफा १४ (५) बमोजिम उप समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको भत्ता अनुमोदन गरेको छ । साथै, सभाले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरु डा. भिष्म कार्की र दिवेश लोहनीलाई निर्विरोध निर्वाचित गरेको छ । सभाले बोनश शेयर जारी पश्चात कम्पनीको चुक्ता पूँजी रु ४ अर्ब ६४ करोड पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ख) मा भएको तत्कालिन चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गरेको छ । संशोधित प्रबन्धपत्र अभिलेख गर्ने क्रममा: नियमनकारी निकायहरुबाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने लगायतका प्रस्ताव पारित गरेको छ ।

# एमाले सर्लाहीका नेता गुप्ता आजपामा प्रवेश

काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले दलीय सिन्डिकेटका कारण लोकतन्त्र नै खतरामा परेको बताएका छन् । सिंहदरबार स्थित आजपाको संसदीय दलको कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले प्रमुख दलहरुको सिन्डिकेटका कारण लोकतन्त्र खतरामा परेको बताएका छन् ।

'दलीय सिन्डिकेटका कारण लोकतन्त्र नै खतरामा परेको छ । प्रमुख दलका शीर्ष नेताहरुको अहिले मनोमानी चलिरहेको छ । केही मुठिभर नेताका कारण अहिले दलतन्त्र हावी भएको छ' साहले भने, 'अहिलेको व्यवस्था असफल भईसकेको छ । अब राष्ट्रपतिय व्यवस्थामा जानुको बिकल्प छैन् ।' समृद्धि, सुशासन तथा राजनीतिक स्थायित्वका लागि अहिलेको व्यवस्था फालेर राष्ट्रपतिय व्यवस्थामा जानुपर्ने उनले बताए । केही दलका केही मुठिभर नेताका कारण दलीय तन्त्र हावी भएको बताउँदै उनले समृद्धि, सुशासन तथा राजनीतिक स्थायित्वका लागि अहिलकै व्यवस्थाबाट प्राप्त गर्न असम्भव रहेकाले व्यवस्था परिवर्तन गर्न आवश्यक रहेको बताए ।

सो क्रममा नेकपा (एमाले) को भातृ संगठन राष्ट्रिय युवा संघ सर्लाहीका अध्यक्ष सुनिलकुमार गुप्ता आम जनता पार्टीमा प्रवेश गरेका छन् । उनीसँगै युवा नेता निरज गुप्ता पनि आजपामा प्रवेश गरेको प्रवक्ता चन्द्रभुषण साहले जनाएका छन् ।

नवप्रवेशीलाई पार्टी अध्यक्ष साहले पार्टीमा स्वागत गर्दै बधाई तथा थप उज्जवल राजनीतिक भविष्यको कामना सहित शुभकामना दिएका छन् । पछिल्लो समय बिभिन्न पार्टी परित्याग गरी आजपामा प्रवेश गर्नेका लहर चलेको आजपा केन्द्रीय सदस्य विजय यादव निर्विजले जनाएका छन् ।

# डा.सीके...

३. द्विसदनात्मक व्यवस्था अन्त्य गरेर सांसदहरूमाथि कुनै पनि किसिमको ह्वीप नलाग्ने गरी कुनै समूह वा पार्टीको दबाबबाट मुक्त जनताको हितमा छिटोछरियो ऐन बनाउने र पारित गर्न सक्ने एकसदनात्मक व्यवस्था गर । जनताले समेत प्रत्यक्ष मत जाहेर गरेर ऐन ल्याउन सक्ने व्यवस्था गर ।

४. प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, निर्वाचन अधिकृत, महालेखा परीक्षक, न्यायाधिवक्ता र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखको व्यवस्था गर । विभिन्न विभागीय मन्त्रीहरू खारेज गरी प्रधानमन्त्रीद्वारा कार्यक्षेत्र विशेषज्ञताको आधारमा विशेषज्ञहरू नियुक्त गरेर विभागीय काम कारबाही गर्ने व्यवस्था गर । प्रदेश सरकारहरूमा पनि मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित हुने तर कुनै पनि मन्त्रीहरू नरहने व्यवस्था गर ।

५. न्यायालयको दलीयकरण बन्द गर र न्यायाधीशहरू कुनै पनि पार्टीसँग आबद्ध भएमा अयोग्य घोषणा गर । सर्वोच्च अदालतको प्रधानन्यायाधीश सहित ७ सदस्ययीय न्यायाधीश, तोकेका व्यवसायिक योग्यता पुगेका उम्मेदबारहरू मध्ये, जनताद्वारा प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर ।

६. कर्मचारीतन्त्रमा कुनै पनि दलीयकरण र सामुहिक सौदावाजी निषेध गर्दै छिटोछरितो र बिना घूस काम गर्नगराउन निजी क्षेत्रको जस्तै 'हायर एन्ड फायर' नीति अपनाऊ ।

७. देशमा मिश्रित अर्थप्रणाली पूर्णत: असफल भइराखेको र राज्यको हातमा भएका सरकारी विद्यालय, अस्पताल, उद्योग, निगम तथा संस्थानहरू सबै पूर्णत: असफल, गुणस्तरहीन र घाटामा रहेको हुँदा देशको उत्पादन प्रणाली निजी क्षेत्रको हातमा दिने तर राज्यले नियमन गर्ने, र शिक्षा, स्वास्थ्यजस्ता आधारभूत अधिकारहरूबाट कोही बञ्चित नहोस् भनेर राज्यले सुनिश्चित गर्ने विश्वकै सफलतम आर्थिक प्रणाली सामाजिक लोकतन्त्र कायम गर। दलाल, उपभोक्तावादी तथा वित्तीय पूँजीवाद खारिज गर्दै, उत्पादनमुखी अर्थतन्त्रमा जोड दिँदै तथा राष्ट्रिय उत्पादनलाई प्राथमिकता दिँदै राष्ट्रिय पूँजी निर्माण गर ।

८. कुनै पनि नियुक्ति, भर्ना, ठेक्कापट्टा आदिमा नेता, पार्टी, जनप्रतिनिधिहरूकै नातेदार र आसेपासेहरूको बोलबाला रोक्न कन्फ्लिक्ट अफ इन्टरेस्ट (स्वार्थ-संघर्ष) नहुने सुनिश्चित् गर ।

९. नयाँ व्यवस्था ल्याउन र निर्वाचन गराउन आन्दोलनकारीको नेतृत्वमा अन्तरिम सरकार गठन गर ।


**सुरक्षितरूपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड








पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं